(Notice no:NSTB/NVQS/MOSD-Koshi-01)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्(CTEVT)
कोशी प्रदेश, ईटहरी, सुनसरी

# सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८०/१०/१४**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसारकोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय/नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको तर्फबाट,सहुलियत शुल्कमा सञ्चालन हुने **पूर्व सिकाईको मान्यता** (Recognition of Prior Learning-RPL) विधिद्वारा **भौचर प्रणालीमा आधारित सीप परीक्षणमा** सहभागी हुन चाहने **स्वदेशमा/वैदेशिक रोजगारको अनुभव** प्राप्त नेपाली नागरिकहरूबाट आफूलाई पायक पर्ने तपसिल बमोजिमका सीप परीक्षण केन्द्रमा आवेदन फारम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिल:

**क) फारम सङ्कलन केन्द्र, परीक्षण हुने व्यवसाय र तह:**

| क्र. स. | आवेदन फारम सङ्कलन/ सीप परीक्षण केन्द्रहरू | सम्पर्क न. | व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | पाथिभरा हिमालयन पोलीटेक्निक इन्स्टिच्युट, इटहरी, सुनसरी | ९८४२१४८७४५<br>९८१९३३१७१६<br>०२५-५८१४५७ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | बिल्डिङ्ग पेन्टर | २ |
| २. | मनमोहन मेमोरियल पोलीटेक्निक हत्तिमुडा, बुढीगंगा, मोरङ | ०२१-६२२०५८<br>०२१-५९०६९७<br>९८५२०८६५९८ | वेल्डर | २ |
| | | | बिल्डिंग पेन्टर | २ |
| | | | मोटरसाइकल मेकानिक | २ |
| | | | रेफ्रिजिरेसन & ए. सि. मेकानिक | २ |
| ३. | झापा प्राविधिक शिक्षालय, विर्तामोड, झापा | ०२३-५३२४८८<br>०२३-५३३७८८<br>९८४२६५३०९५ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| ४. | प्राइम स्कूल अफ आ. टि. एंड टेलिकम्यूनिकेशन विराटनगर,मोरङ | ०२१-५१३०५२<br>९८४२५३२९८१ | कप्युटर हार्डवेयर एंड नेटवर्क टेक्निसियन | २ |
| ५. | सुम्निमा पोलीटेक्निक इन्स्टिच्युट, देउराली, भोजपुर | ०२९-४२०७१६९८५२०५२२५६ | कन्स्ट्रक्सन मेसन | २ |
| ६. | रत्न कुमार बान्तवा पोलीटेक्निक इन्स्टिच्युट, ईलाम | ९८५२६८०५१८ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |

CTEVT Koshi Province

पुनश्च : रत्न कुमार बान्तवा पोलीटेक्निक इन्स्टिच्युट, ईलाम र सुम्निमा पोलीटेक्निक इन्स्टिच्युट, देउराली, भोजपुरको आवेदन फारम CTEVT कोशी प्रदेश कार्यालयमा पनि बुझाउन सकिने छ |

## ख) आवेदनको लागि न्यूनतम योग्यता:

| | |
|---|---|
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा३वर्षको कार्य अनुभव भएको,<br>**वा**<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धितपेशामा१ वर्षको कार्य अनुभव भएको, |

## ग) आवेदन तथा रजिस्ट्रेसन शुल्क: रु २७० (आवेदकले व्यहोर्ने)

## घ) सीप परीक्षणमा सहभागीले आवेदन फारम भर्दा पालना गर्नु पर्ने सर्तहरू:

१) यस सूचना तथा आवेदन फारम सामाजिक विकास मन्त्रालयको कोशी प्रदेशको वेबसाइट https://mosd.koshi.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद(CTEVT) कोशी प्रदेशको वेभसाइट https://ctevtp1.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२) आवेदन फारम तोकिएको केन्द्रमा मिति २०८०।११।१३ गते भित्र बुझाउनु पर्नेछ ।आवेदन फारम बुझाउने अन्तिम दिन बिदा परेमा सो को भोलि पल्ट सम्म बुझाउन सकिनेछ।

३) आवेदन फारमको साथ पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा/व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

४) स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारिस पत्र पेश गर्न सक्नेछन् ।

५) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फारम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभवपत्र (अङ्ग्रेजीमा अनुवादित गरिएको प्रति),पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारमहरू स्वतःरद्द हुनेछन् ।

७) परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत गराइने छ ।सीप परीक्षण आवेदन भरेकै केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परीक्षणको अघिल्लो दिन भित्र प्रवेशपत्रप्राप्त गर्न सकिनेछ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ ।

८) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन्।

९) यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदाको रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ । यसरी दोहोऱ्याएर सीप परीक्षण दिनेहरूले आवेदन फारमको माथि पुनः परीक्षण भन्ने कोठामा चिन्ह लगाउनु पर्ने छ।

१०) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन् ।

११) तहगत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाईहरू मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाईको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन् ।

१२) सीप परीक्षण आवेदन फारम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा **आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फारम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले** )

CTEVT Koshi Province

उक्त अवधि भित्र अनलाइन फारम इन्ट्री गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम **रुजु भई सके पछि** इन्ट्री बापत प्रति फारम रु.७०।– का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कोशी प्रदेश कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैक लि., शाखा कार्यालय ईटहरी, सुनसरी च. हि. खाता नं.२५५०१००००१२७८००१मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु पर्नेछ।

१३) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

**थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कोशी प्रदेश मोबाइल नम्बर ९८४२४११६२२ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०२१-५९०७०५मा सम्पर्क गर्न सकिने छ।**

**नि.निर्देशक**

CTEVT Koshi Province